नेपाल सरकार

फोनः ४२००२९२

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

(जनसंख्या तथा पंजिकरण व्यवस्थापन शाखा)

www.mld.gov.np
E-mail: vitalevent@mld.gov.np
: panjikaran.mld@gmail.com
सिंहदरबार, काठमाडौं

पत्र संख्याः- ०६९/७०
चलानी नं.:- ७३६

मिति २०६९।१२।३०

**विषयः -व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यक्रम सम्बन्धमा ।**

श्री जिल्ला विकास समितिको कार्यालय, (सवै) ।

श्री महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका, (सवै) ।

प्रस्तुत विषयमा नेपाल राज्यमा बसोवास गर्ने व्यक्तिहरुको जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र बसाई सराईका घटनाहरु दर्ता गरि प्रमाणपत्र दिने कार्यलाई कानूनी रुपमा व्यवस्थित गर्नको निमित्त वि.स. २०३४ साल वैशाख १ गते देखि व्यक्तिगत घटना दर्ता कार्यक्रमको प्रारम्भ भई वि.स.२०४७ साल वैशाख १ गते देखि सम्पूर्ण ७५ जिल्लामा यस कार्यक्रमको संचालन भई आएको व्यहोरा विदितै हुनु पर्दछ । व्यक्तिगत घटना दर्ता व्यक्ति, समाज र राष्ट्रका लागि कानूनी, प्रशासनिक र अभिलेखको रुपमा रहने महत्वपूर्ण कागजातको रुपमा रहने भएको र प्रशासनिक, जनसांख्यिक तथा सामाजिक अभिलेख र तथ्याङ्कको प्रमुख आधारस्तम्भ भएको हुँदा यस कार्यक्रमको महत्वपूर्ण भूमिका रहेको छ । यस सन्दर्भमा व्यक्तिगत घटना दर्तालाई स्थानीय स्तरदेखिनै प्रचार-प्रसार गरी जनसाधारणमा चेतना अभिवृद्धि गर्न तथा विद्यालयमा भर्ना तथा स्वास्थ्य सेवा अर्न्तगत स्वास्थ्य सम्वन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्दाको अवश्थामा सम्वन्धित निकायहरु संग समन्वयात्मक कार्यक्रम संचालन गरि आगामी २०७० साल वैशाख महिनाभरी व्यक्तिगत घटना दर्ता सम्वन्धी विभिन्न कार्यक्रम संचालन गरी मनाउनु हुन र सो सम्वन्धी जानकारी यस मन्त्रालयको जनसंख्या तथा पञ्जिकरण व्यवस्थापन शाखालाई नियमित रुपमा उपलव्ध गराई दिनुहुन समेत अनुरोध छ ।

(शंकर नेपाल)
उप-सचिव